# छायाँनाथ रारा नगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः ६ २०८० फागुन १ गते

भाग-२

छायाँनाथ रारा नगरपालिका, मुगुको

## सूचना

छायाँनाथ रारा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## छायाँनाथ रारा नगरपालिका युवा क्लव गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८२

# युवा क्लव गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८२

**<u>प्रमाणित मिति</u>**
२०८२/०९/३०
**<u>प्रकाशित मिति</u>**
२०८२/११/०१

संवत् २०८२ सालको कार्यविधि नं. ८

## युवा क्लव गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधी

**प्रस्तावनाः** छायाँनाथ रारा नगरपालिका भित्रका युवाहरूको नेतृत्व तथा क्षमता विकास, सामाजिक उत्तरदायित्व, सीप विकास र सामुदायिक सहभागिता प्रवर्द्धन गर्न, रचनात्मक र सकारात्मक गतिविधिहरू सञ्चालन गरी समाजको विकासमा योगदान पुर्याउन, युवाहरूको ऊर्जालाई रचनात्मक कार्यमा लगाउन, युवाको हक हितको संरक्षण, सशक्तिकरण र सम्वर्द्धनका साथै सीप, उद्यमशीलता, रोजगार र शिक्षालाई प्रवर्धन गर्दै स्थानीय स्रोत र साधनको अधिकतम उपयोगबाट समुन्नत स्थानीय तह निर्माणका लागि तथा युवाहरुको सर्वाङ्गीण विकासका लागि युवामैत्री नीति निर्माण, योजना, कार्यक्रम र प्राथमिकता निर्धारण गर्न, युवाका मुद्दाहरुको वहस पैरवी केन्द्रको रुपमा विकास गर्न, युवालक्षित उद्देश्य प्राप्तिका लागि राज्यलाई पृष्ठपोषण दिन तथा सकारात्मक वातावरण निर्माण गर्न यस छायाँनाथ रारा नगरपालिकाको हरेक वडाहरु, टोलहरु र पालिका स्तरियमा स्वयंसेवकीय सञ्जालको रूपमा युवाक्लव गठन गरी क्लव मार्फत युवा लक्षित कार्यक्रम सञ्चालन गर्ने र कार्यक्रममा युवा सहभाहिता अभिवृद्धि गर्न, युवा क्लबको स्थापना देखि सञ्चालनसम्मका सबै प्रक्रियालाई व्यवस्थित र पारदर्शी बनाउन वाञ्छनीय भएकोले,

राष्ट्रिय युवा नीति,२०७२ को मर्म र भावनालाई आत्मसात गर्दै, संस्था दर्ता ऐन, २०७४ को दफा १४, स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ र छायाँनाथ रारा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित) ऐन, २०७४ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी छायाँनाथ रारा नगरपालिका क्षेत्र भित्र लागु हुने गरि देहायको कार्यविधि लागू गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम छायाँनाथ रारा नगरपालिका "युवा क्लव गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८२" रहेका छ ।

(२) यो कार्यविधि छायाँनाथ रारा नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "युवा" भन्नाले किशोरावस्था देखि वयस्कता सम्मको संक्रमणकालीन उमेर समूह, शारीरिक, मानसिक र सामाजिक रूपमा विकास भइरहेको, समाज परिवर्तन गर्ने जोश, ऊर्जा र क्षमता भएको १६ वर्ष देखि ४० वर्ष सम्मका व्यक्तिहरूलाई सम्झनु पर्छ।

(ख) "युवा क्लब" भन्नाले एउटै लक्ष्य र रुचि भएका युवाहरूको एउटा संगठित समूह, जसले आफ्नो समुदाय वा समाजको भलाइका लागि विभिन्न सामाजिक, सांस्कृतिक, खेलकुद र विकासमूलक कार्यहरू, सरसफाइ, वातावरण संरक्षण, शिक्षा, स्वास्थ्य सचेतना, युवाहरूको नेतृत्व, क्षमता विकास र सकारात्मक सोचलाई बढावा दिने संगठित समूहलाई सम्झनु पर्छ।

(ग) "शिक्षा शाखा" भन्नाले छायाँनाथ रारा नगरपालिका भित्र शिक्षा सम्बन्धी कामकारबाही गर्न तोकिएको शाखालाई सम्झनु पर्छ।

(घ) "विशेष प्राथमिकताको समूहका युवा" भन्नाले भौगोलिक विकटता, जातीय, भाषिक, सांस्कृतिक, क्षेत्रीय, वर्गीय तथा लैङ्गिक आधारमा राज्य तथा गैर राज्यका सेवा सुविधाबाट वञ्चित भएका, द्वन्द्व पीडित, शारीरिक र मानसिक अपाङ्गता भएका, जोखिममा परेका, सीमान्कृत, लोपान्मुख, अल्पसङ्ख्यक, दलित, मुस्लिम समुदायका र कर्णाली तथा पिछडिएको क्षेत्रका युवालाई सम्झनु पर्छ।

(ङ) "जोखिममा रहेका युवा" भन्नाले राष्ट्रिय युव नीति २०७२ बमोजिम एच. आई. भी. एड्स सङ्क्रमित, बेच-बिखनमा परेका, प्राकृतिक विपदमा परेका, लागू औषध प्रयोगकर्ता, यौन व्यवसायमा संलग्न, सडकमा रहेका, मुक्त कमैया परिवारका तथा असुरक्षित गन्तव्यका मुलुकमा वैदेशिक रोजगारीमा संलग्न युवालाई सम्झनुपर्छ।

(च) "युवा समूह" भन्नाले एक निश्चित उमेर (१६ वर्ष देखि ४० वर्ष सम्म) समूहका व्यक्तिहरूलाई जनाउँछ जो सँगै मिलेर सामाजिक, आर्थिक, सांस्कृतिक वा शैक्षिक क्षेत्रमा केन्द्रित कुनै साझा उद्देश्य हासिल गर्नका लागि गठन समूहलाई सम्झनु पर्छ।

(छ) "टोल स्तरीय युवा क्लब" भन्नाले छायाँनाथ रारा नगरपालिका भित्र रहेको प्रत्येक टोलमा गठन भएको टोल स्तरीय युवा क्लबलाई सम्झनु पर्छ।

(ज) "वडा स्तरीय युवा क्लब" भन्नाले छायाँनाथ रारा नगरपालिका भित्र रहेको प्रत्येक वडामा गठन भएको वडा स्तरीय युवा क्लबलाई सम्झनु पर्छ।

(झ) "नगरपालिका स्तरीय युवा क्लब" भन्नाले छायाँनाथ रारा नगरपालिकामा गठन भएको युवा क्लबलाई सम्झनु पर्छ।

(ञ) "संरक्षक" भन्नाले नगरपालिकाको नगर प्रमुख वा वडा अध्यक्ष र नगरपालिकाले तोकेको व्यक्ति वा सम्बन्धित ऐन, कानुनले तोकेको व्यक्तिलाई सम्झनु पर्छ।

## परिच्छेद-२

## युवा क्लबको उद्देश्य, गठन तथा काम, कर्तव्य र अधिकार

३. **युवा क्लबको उद्देश्यः** (१) युवाहरूलाई संगठीत गरी उनीहरूको उर्जालाई सकारात्मक र रचनात्मक काममा लगाउनु यसको प्रमुख उद्देश्य रहेको छ। यसका अलावा युवा क्लबका उद्देश्यहरू निम्नानुसार रहेकोछ,

(क) **नेतृत्व र क्षमता विकासः** युवाहरूको नेतृत्व क्षमता, सीप र ज्ञान अभिवृद्धि गर्ने, निर्णय गर्ने, समस्या समाधान गर्ने, समूहमा काम गर्ने र विकास गर्ने।

(ख) **सामाजिक र सामुदायिक विकास सम्बन्धी कार्यः** समुदायमा सरसफाइ, स्वास्थ्य, शिक्षा, र वातावरण संरक्षण जस्ता सामाजिक कार्यहरू गर्ने, जनचेतना जगाउने, कार्यक्रम सञ्चालन गर्ने, वृक्षारोपन, फोहर व्यवस्थापन, स्वास्थ्य शिविर, रक्तदान कार्यक्रम जस्ता कार्यहरू गर्ने।

(ग) **सांस्कृतिक र रचनात्मक प्रवर्धनः** स्थानीय कला, संस्कृति र परम्पराको संरक्षण र प्रवर्धन गर्ने, स्थानीय चाडपर्व, मेला, साहित्य, चित्रकला, सांस्कृतिक कार्यक्रमहरु गर्ने।

(घ) **सचेतना र सामाजिक सुधारः** सामाजिक कुरीति (जस्तैः बालविवाह, छुवाछुत, लागुपदार्थ दुर्व्यसन) विरुद्ध सचेतना फैलाउने, अधीकार र कानुनी प्रक्रियाबारे जानकारी दिने।

(ङ) **विकास निर्माणः** स्थानीय विकास निर्माणका कार्यहरूमा स्वयंसेवकको रूपमा सहयोग गर्ने।

(च) **खैलकुद र शारीरिक विकासः** युवाहरुलाई शारीरिक र मानसिक स्वस्थ र सक्रिय राख्नका लागि खेलकुद प्रतियोगिताहरू आयोजना गर्ने

४. **युवा क्लबको गठनः** (१) छायाँनाथ रारा नगरपालिका अन्तर्गत युवा क्लब समुहरूको व्यवस्थित रूपले सञ्चालन गर्न आफ्नो कार्यक्षेत्र, समुदायहरूमा निम्नानुसार युवा क्लबहरू गठन गरिनेछ।

(क) १६ वर्ष देखि ४० वर्ष उमेरका युवाहरूको सक्रिय सहयोगमा कम्तीमा ७ जना देखि १३ जना सम्मको कार्य समिति सदस्यहरू रहने गरी युवा क्लब गठन गरिनेछ। युवा समूहहरू वडा, टोल, गाउँ समाज र राष्ट्र निर्माण गर्नमा युवा क्लबको रूपमा परिचालित हुन सक्नेछ।

(ख) युवा क्लबका सदस्यहरूले कार्यसमितिका अध्यक्ष, उपाध्यक्ष, सचिव तथा कोषाध्यक्ष आफूहरू मध्येबाट छनौट गर्नेछन। उक्त कार्य समितिमा कूल सदस्य संख्यामा कम्तिमा पैतिस प्रतिशत महिलाको प्रतिनिधित्व हुनुपर्नेछ।

(ग) युवा क्लबका पदाधिकारीहरूको पदावधि गठन भएको मितिले तिन वर्षको हुनेछ।

(घ) प्रत्येक टोलमा ७ देखि १३ जना युवा सम्मको टोल युवा क्लब गठन गर्न सकिनेछ। टोल युवा क्लबका युवाबाट वडा स्तरीय ७ देखि १३ जना सम्मको युवा क्लब गठन हुनेछ। वडा स्तरीय युवा क्लबबाट नगरपालिका स्तरीय ९ देखि १९ जना सम्मको युवा क्लब गठन हुनेछ।

(२) छायाँनाथ रारा नगरपालिका भित्रका प्रत्येक टोलमा गठन हुने टोल स्तरीय युवा क्लब कार्य समितिमा देहायका युवाहरूलाई सदस्यको रूपमा सम्बन्धित वडा समितिले मनोनीत गर्नेछ। जसमा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्यहरू रहनेछन्।

(क) विशेष प्राथमिकताको समूहका युवहरू मध्येबाट तिन जना -सदस्य

(ख) स्थानीय उद्यमी युवाहरू मध्येबाट एक जना -सदस्य

(ग) युवा पत्रकार युवाहरू मध्येबाट एक जना -सदस्य

(घ) स्थानीय खेलाडी युवाहरू मध्येबाट एक जना -सदस्य

(ङ) स्थानीय कलाकार युवाहरू मध्येबाट एक जना -सदस्य

(च) स्थानीय सहकारीमा आबद्ध युवाहरू मध्येबाट एक जना -सदस्य

(छ) स्थानीय समुदायमा आधारित संस्थाहरू मध्येबाट युवा प्रतिनिधि एक जना -सदस्य

(ज) टोल भित्रका मेधावी युवा विद्यार्थीहरू मध्याबाट एक जना महिला सहित दुई जना -सदस्य

(झ) खुला समूहबाट एक जना युवा महिला सहित दुई जना -सदस्य

(३) छायाँनाथ रारा नगरपालिका भित्रका प्रत्येक वडामा गठन हुने वडा स्तरीय युवा क्लब कार्य समितिमा देहायका युवाहरूलाई सदस्यको रूपमा सम्बन्धित वडा समितिले मनोनीत गर्नेछ। जसमा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्यहरू रहनेछन्।

(क) नगरपालिकाको वडा भित्र गठन भएका सबै टोल युवा क्लबको अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष वा सदस्यहरू मध्येबाट समावेशी प्रतिनिधि हुने गरी वडा समितिले मनोनीत गरेको कम्तीमा एघार जना -सदस्य

(ख) खुला समूहबाट एक जना महिला सहित दुई जना -सदस्य

(४) छायाँनाथ रारा नगरपालिका स्तरीय युवा क्लब कार्यसमितिमा देहाय बमोजिमका युवाहरूलाई सदस्यको रूपमा नगर शिक्षा समितिको अध्यक्षले मनोनीत गर्नेछ। जसमा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्यहरू रहनेछन्।

(क) नगरपालिकाको प्रत्येक वडा स्तरीय युवा क्लबको अध्यक्ष चौध जना -सदस्य

(ख) नगर प्रमुखबाट मनोनीत दुई जना महिला सहित तिन जना -सदस्य

(ग) खुला समूहबाट एक जना महिला सहित दुई जना -सदस्य

(५) उपदफा (४) को खण्ड (क) अनुसारको सदस्य पदेन सदस्य हुनेछ।

(५) युवा क्लबका पदाधिकारीको पदावधि गठन भएको मितिले तिन वर्षको हुनेछ। युवा क्लबका पदाधिकारीको उमेरको कारण पद रक्त भएमा व्यक्ति जुन क्षेत्रबाट प्रतिनिधित्व गरेको हो सोही क्षेत्रबाट मनोनीत गर्ने निकायले बाँकी अवधिका लागि मनोनीत गरी पदपूर्ति गर्नेछ।

(६) युवा क्लबको सचिवालय सम्बन्धित टोल स्तरीय युवा क्लबको सन्दर्भमा सम्बन्धित टोल मै रहने, वडा स्तरीय युवा क्लबको हकमा वडामा रहने र नगरपालिका स्तरीय युवा क्लबको हकमा नगरपालिकाको कार्यालयमा रहनेछ।

५. <u>युवा क्लबको काम, कर्तव्य र अधिकारः</u> (१) युवा क्लबको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) युवाको नेतृत्व तथा क्षमता विकास र परिचालनमा सहजिकरण गर्ने।

(ख) नगरपालिका तथा वडा समिति सँग समन्वय र सहकार्य गरी युवा विकासका योजना निर्माण सहभागी भई युवा मैत्री कार्यक्रम निर्माण र कार्यान्वयनमा पैरवी र सहयोग गर्ने।

(ग) प्राकृतिक तथा अन्य प्रकोप व्यवस्थापन तथा विपदका बेला विपद् पूर्व तयारी तथा राहत र उद्धार कार्यमा वडा समिति नगरपालिका सँगको समन्वय र सहकार्यमा नगरपालिकाका युवा परिचालन गरी स्वयंसेवकको भूमिका निर्वाह गर्ने।

(घ) राष्ट्रिय युवा परिषद् र मातहतका निकायहरू मार्फत नगरपालिका तथा वडा स्तरमा सञ्चालन हुने युवा लक्षित कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने।

(ङ) नगरपालिकामा सञ्चालन हुने सरसफाइ, वातावरण संरक्षण, बाल अधिकार, मानव अधिकार, महिला अधिकार, शैक्षिक कार्यक्रम, सामाजिक अन्धविश्वास र कुरीति विरुद्धका सचेतनका अभियानहरूमा सक्रियता पूर्वक सहभागी भई कार्यक्रम सफल बनाउन सहयोग गर्ने।

(च) प्रत्येक युवा क्लबले युवाको सहभागितामा वडा समितिको समन्वय र सहकार्यमा कम्तीमा एक उद्यम तथा एक अतिरिक्त क्रियाकलापको नेतृत्व र व्यवस्थापन गर्ने।

(छ) दिगो विकासका लक्ष्यहरूलाई आ-आफ्नो क्षेत्रमा स्थानीयकरण गरी कार्यान्वयन गर्न युवाको सार्थक सहभागिताका साथ नेतृत्व दायी भूमिका खेल्ने।

(ज) राष्ट्रिय युव परिषद् वा प्रदेश युव परिषद् र नगरपालिका बीच समन्वय र सहकार्य गरी युवा लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने।

(झ) सार्वजनिक निकायमा सूचनाको हकको कार्यान्वयन तथा सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउने।

(ञ) दिगो विकासको लक्ष्यलाई स्थानीयकरण गरी यसको कार्यान्वयनमा युवा परिचालन गर्ने।

(ट) वडा स्तरमा युवा तथ्याङ्क व्यवस्थापन गर्ने।

६. <u>**दर्ता र नविकरण प्रक्रियाः**</u> (१) छायाँनाथ रारा नगरपालिकामा गठन हुने टोल, वडा तथा नगर स्तरीय युवा कल्बको आफ्नो गतिविधि सञ्चालन गर्नु भन्दा पहिला नगरपालिकामा दर्ता गराउनु पर्छ।

(२) युवा सहभागिता प्रवर्धनका लागि नगरपालिकाको वडा कार्यालयले दर्ता भएका टोल स्तरीय युवा क्लब, वडा स्तरीय युवा क्लबहरूको सूची नगरपालिकामा उपलब्ध गराउनु पर्छ।

(३) हरेक आर्थिक वर्षमा क्लबलाई सम्बन्धित वडाले नवीकरण गराउनु पर्छ। वडाले टोल स्तरीय र वडा स्तरीय युवा क्लब नवीकरणको सूचि नगरपालिकामा उपलब्ध गराउनु पर्छ।

(४) दर्ता, नवीकरण तथा अन्य शुल्क नगरपालिकाले तोके अनुसार वा निःशुल्क रूपमा समेत गर्न सक्छ।

(५) टोल स्तरीय, वडा स्तरीय तथा नगरपालिका स्तरीय युवा क्लबको दर्ता गर्नको लागि देहाय असारको कागजात टोल स्तरीय, वडा स्तरीय युवा क्लबको लागि वडा कार्यालयमा र नगर स्तरीय युवा क्लब दर्ताको लागि देहाय अनुसारको कागजात संलग्न गरी निवेदन दिनु पर्छ।

(क) अनुसूची-१ अनुसारको युवा क्लबको विधान नेपाली कागजमा दुई प्रति,

(ख) युवा कल्बको कार्यसमितिका सदस्यहरूको नागरिकता वा राष्ट्रिय परिचय पत्रको प्रतिलिपि,

(ग) युवा कल्बको साधारण सभाको निर्णय पुस्तिकाको प्रतिलिपि,

(घ) दफा १३ अनुसारको युवा क्लबको छाप र लेटरहेडको नमूना,

(ङ) नगरपालिकाले टोकेको युवा क्लब दर्ताको शुल्क तिरेको सक्कल रसिद वा निशुल्क दर्ता गर्नेको हकमा सोको युवा क्लब निःशुल्क दर्ता गर्नुपर्ने कारण सहितको कागजात प्रति,

(च) अनुसूची-२ अनुसारको युवा क्लब दर्ता गर्नुपर्ने कारण सहितको निवेदन।

(६) उपदफा (५) अनुसार दर्ता हुन आएको यूवा कल्बलाई **अनुसूची-४** अनुसारको ढाँचामा प्रमाणपत्र उपलब्ध गराउनु पर्छ।

(७) टोल स्तरीय, वडा स्तरीय तथा नगरपालिका स्तरीय युवा क्लबको दर्ता गर्नको लागि देहाय असारको कागजात टोल स्तरीय, वडा स्तरीय युवा क्लबको लागि वडा कार्यालयमा र नगर स्तरीय युवा क्लबको नवीकरणको लागि देहाय अनुसारको कागजात संलग्न गरी निवेदन दिनु पर्छ।

(क) अनुसूची-३ अनुसारको ढाँचामा युवा क्लब नविकरणको निवेदन,

(ख) युवा क्लब दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) नगरपालिकाले नविकरणको लागि तोकेको शुल्क तिरेको सक्कल रसिद,

(घ) वार्षिक प्रतिवेदन

(ङ) गत आ.ब. को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी

## परिच्छेद-३

## <u>कार्य समितिको बैठक तथा पदाधिकारीको काम, कर्तव्य र अधिकार</u>

७. **<u>कार्य समितिको बैठकः</u>** (१) अध्यक्षको सल्लाह अनुसार सचिवले कार्य समितिको बैठक बोलाउनेछ।

(२) कार्य समितिको बैठक सम्तिमा नियमित रूपमा महिनामा एक पटक बस्नेछ।

(३) कार्य समितिका पदाधिकारहरू बैठकमा तिन पटक भन्दा बढी नियमित रूपमा बिना सूचना अनुपस्थितिले बाँकी सदस्यहरू मध्येबाट पुनःमनोयन गर्न सक्नेछ।

(४) सचिवको अनुपस्थितिमा अध्यक्ष आफैले वा सह-सचिव मार्फत बैठक बोलाउन सक्नेछन।

८. **<u>पदाधिकारीहरूको काम, कर्तव्य र अधिकारः</u>** (१) टोल स्तरीय, वडा स्तरीय तथा नगरपालिका स्तरीय पदाधिकारीहरूको काम, कर्तव्य र अधुकारहरू देहाय अनुसार रहेकोछ।

**(क) अध्यक्ष**

(१) युवा क्लबको बैठक बोलाउन सचिवलाई निर्देशन दिने र बैठकको अध्यक्षता गर्ने,

(२) युवा क्लबको हितको लागि गर्नुपर्ने कर्तव्यको प्रमुख दायित्व बहन गर्ने,

(३) मत बराबर भएमा निर्णायक मत दिने,

(४) युवा क्लबको उद्देश्य पुरा गर्न अन्य आवश्यक कामहरू गर्ने,

(५) कार्य समिति, विद्यालय, अभिभावक, समुदाय, गाउँपालिकाका अन्य सरकारी तथा गैरसरकारी संघसंस्था बीच समन्वयकर्ताको भुमिका निर्वाह गर्ने,

(६) कुनै क्षेत्रको कार्यकर्ममा जानका लागि आफ्नो कार्य समितिको बैठक बस्न नसक्ने अवस्थामा पछि समर्थन जुटाउने गरी युवा क्लबका प्रतिनिधि चयन गर्ने।

**(ख) उपाध्यक्ष**

(१) अध्यक्षको अनुपस्थितिमा निजले गरि आएका सम्पूर्ण कार्यहरू गर्ने,

(२) कार्य समितिले तोकेको अन्य कामहरू गर्ने।

**(ग) सचिव**

(१) कार्य समितिको बैठक बोलाउने र बैठकमा राखिने विषयहरूको बारेमा अग्रीम जानकारी सम्बद्ध सबैलाई दिने,

(२) युवा क्लबको तर्फबाट पत्राचार गर्ने,

(३) कार्य समितिले तोकेको अन्य कार्यहरू गर्ने,

(४) युवा क्लबका सदस्यहरूको सूचना अद्यावधिकरण समुहले गरेको मुख्य मुख्य कामको प्रगति प्रतिवेदन तयार गरी अद्यावधिकरण गर्ने, वार्षिक भेलामा गत वर्षका प्रगति एवं आगामी वर्षको योजना तयार गरी छलफल तथा पारितका लागि पेश गर्ने,

(५) बैठकको उपस्थित उठाउने तथा निर्णयहरूको अभिलेख राख्ने।

**(घ) सह सचिव**

(१) सचिवको अनुपस्थितिमा निजल गरी आएका सम्पुर्ण कार्यहरू गर्ने,

(२) कार्य समितिले तोकेको अन्य कार्यहरू गर्ने,

(३) सचिवको काममा सहयोग गर्ने।

**(ङ) कोषाध्यक्ष**

(१) कल्बको सम्पुर्ण नगदी जिन्सीहरूको जिम्मेवारी लिई त्यस सम्बन्धी श्रेस्ता अद्यावधिक राख्ने,

(२) लबको सम्पुर्ण नगदी जिन्सीहरूको जिम्मेवारी लिई त्यस श्रेस्ता अद्यावधिक राख्ने,

(३) क्लबको आय व्ययको विवरण कार्य समिति र साधारण सभामा पेश गर्ने,

(४) कार्य समितिले तोकेको अन्य कार्यहरू गर्ने।

**(च) सदस्य**

(१) युवा क्लबको बैठकमा नियमित उपस्थित हुने,

(२) युवा क्लबको हितमा लागि सधै प्रत्यन्नशील रहने,

(३) बैठकमा उपस्थित भई आफ्नो अभिच्यक्ति प्रस्तुत गर्ने,

(४) कार्य समितिले तोकेको अन्य कार्य गर्ने।

९. **<u>संरक्षक:</u>** (१) नगरपालिकाको नगरप्रमुख वा वडा अध्यक्ष वा शिक्षा प्रमुख र नगरपालिकाले तोकेको व्यक्ति वा सम्बन्धित एन, कानुनले तोकेको व्यक्तिले संरक्षकको रुपमा रहि आवश्यकता अनुसार युवाको उच्चतम हितलाई ध्यानमा राखी सल्लाह सुझाव एवं अन्य आवश्यक सहयोग गर्नुपर्नेछ।

## परिच्छेद-४
## विविध

**१०. कोषको व्यवस्थाः** (१) कोषको व्यवस्था देहाय अनुसार रहनेछ।

(क) साधारण सदस्य प्रवेश शुल्क एवं मासिक वा वार्षिक सदस्यता शुल्क वापत प्राप्त रकम,

(ख) स्थानीय निकाय, विद्यालाय, समुदाय तथा अन्य संघ संस्थाबाट प्राप्त रकम,

(ग) नेपाल सरकारको पूर्व स्वीकृती लिई विदेशी दातृ संस्थाबाट प्राप्त सहयोग रकम,

(घ) अन्य विभिन्न स्रोतबाट रकम,

(ङ) चन्दा, सहयोग तथा युवा क्लबबाट कोष संकलनका लागि विभिन्न अभियानबाट संकलित रकम।

**११. कोष सञ्चालनः** (१) नेपाल राष्ट्र बैंकको "घ" वर्ग प्राप्त कुनै पनि बैंक वा वित्तिय संस्थामा क्लबको खाता खोलिने छ।

(२) बैंक खाता अध्यक्ष वा सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालित हुनेछ।

(३) बैंक खाताको व्यवस्था नहुन्जेल सम्म सम्बन्धित नगरपालिका तथा संरक्षकको सल्लाह बमोजिम गर्नपर्नेछ।

**१२. लेखा परिक्षणः** (१) बैंक खाता सञ्चालन गरी कार्यरत युवा क्लबको क्लबको आय व्ययको हरेक वर्ष लेखा परिक्षण गराउनु पर्नेछ।

(२) उपदफा (१) अनुसारका लेखा परिक्षण नविकरणको बेला अनुवार्य आवश्यकता पर्ने भएकोले लेखा परीक्षक वा माध्यमिक विद्यालयको लेखा विषयको शिक्षकबाट वा यूवा क्लब समूहले तिन सदस्यीय लेखा परिक्षण समिति गठन गरी सोही समिति मार्फत लेखा परिक्षण गराउन सक्नेछ।

(३) उपदफा (२) अनुसारको तरिकाहरु मध्ये युवा क्लबलाई जुन तरिका सहज हुन्छ, सोहि अपनाउन सक्नेछन र यसका लागि नगरपालिकाले आवश्यक सहजीकरण गर्नेछ।

**१३. युवा क्लबको छाप, लोगो तथा लेटरप्याडः** (१) टोल स्तरीय, वडा स्तरीय तथा नगर स्तरीय युवा क्लबको लोगो घेरा भित्र सम्बन्धित युवा क्लबको नाम, ठेगाना, स्थापना मिति साथै त्यसको बीचमा आवश्यकता अनुसार नमुना राख्न सकिनेछ वा नगरपालिकाले तोके अनुसार हुनेछ।

(२) प्रत्येक युवा क्लबले आफ्नो लोगो अनुसारको छाप बनाउन सक्नेछन।

(३) प्रत्येक युवा क्लबले आफ्नो लोगो उल्लेख गरी क्लबले लेटरप्याड तयार गरी प्रयोग गर्न सक्नेछन।

(४) प्रत्येक युवा क्लबले आफ्नो लोगो उल्लेख गरिएको परिचय पत्र तयार गरी प्रयोगमा ल्याउन सक्नेछन। परिचय पत्र संरक्षक वा संरक्षक द्वारा प्रमाणित हुनु पर्नेछ।

(५) परिचय पत्र म्याद तोकिएको समय अवधिसम्म क्रियाशिल रहनेछ।

**१४. सल्लाककार समितिः** (१) प्रत्येक युवा क्लब सञ्चालनको निम्ति सुझाव दिनको लागि तीन देखि पाँच सदस्यीय सल्लाहकार समिति गठन गरिनेछ। सो समितिमा युवा मध्येबाट दुई जना र अन्य तीन

जना युवाको क्षेत्रमा काम गरेका उल्लेखनीय व्यक्ति वा सम्बन्धित युवा क्लबको सहजकर्ता मध्येबाट मनोनयन गरिनेछ। युवा क्लब तथा समूहका पूर्व अध्यक्षहरू सल्लाहकार समितिमा रहन सक्नेछन।

**१५.** **युवा क्लबको विघटनः** (१) कुनै कारणबस युवा क्लब सञ्चालन हुन नसकी विघटित भएका समुदायमा आधारित युवा क्लबको चल अचल सम्पत्तिहरू नगरपालिकाको नाममा स्वतः आउनेछन।

**१६.** **भाग लिन नहुनेः** (१) युवा क्लबको सदस्य वा पदाधिकारीहरूले युवा क्लबको ठेक्का पट्टा लिन वा आफ्नो स्वार्थ भएको कुनै काम कुरामा भाग लिन हुँदैन।

**१७.** **वार्षिक प्रतिवेदनः** (१) युवा क्लबबाट कार्यान्वयन भएका कार्यक्रमहुको वार्षिक प्रगति प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र छायाँनाथ रारा नगरपालिकाको युवा, शिक्षा तथा बालबालिका शाखा समक्ष पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) अनुसारको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त युवाको क्षेत्रमा देखिएका मुद्दा, समस्या र चुनौति तथा सोको सामाधानका उपाय समेतको विवरण उल्लेख गर्नुपर्छ।

(३) युवा क्लबले आफूलाई प्राप्त स्रोत साधन, सम्पादन गरेका कार्य र तिनको उपलब्धि एवं गरेको अन्य काम कारवाहीको विवरण सर्वसाधारणको जानकारीको लागि प्रत्येक वर्ष प्रकाशन गर्नुपर्छ।

**१८.** **निर्देशन दिनसक्नेः** (१) छायाँनाथ रारा नगरपालिकाले युवा क्लबको काम कारवाही तथा सुधारको विषयमा आवश्यक निर्देशन, सम्न्वय र सहजीकरण गर्न सक्नेछन।

(२) उपदफा (१) अनुसार दिइएको निर्देशन, समन्वय र सहजीकरणको पालना गर्नु क्लबको कर्तव्य हुनेछ।

**१९.** **अधिकार प्रत्यायोजनः** (१) युवा क्लबले यो कार्यविधि अनुसार आफुलाई प्राप्त अधिकारहरू मध्ये आवश्यकता अनुसार केही अधिकार युवा क्लबका उपाध्यक्ष, कुनै सदस्य वा सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

**२०.** **शपथ ग्रहणः** (१) युवा क्लबका पदेन सदस्य बाहेकका अन्य सदस्यले आफ्नो कार्यभार सम्हालनु अघि अनुसूची-५ अनुसार सपथ ग्रहण गर्नुपर्छ।

**२१.** **अनुगमन तथा सहजीकरणः** (१) टोल स्तरीय, वडा स्तरीय युवा क्लबका गतिविधि तथा कार्यक्रमहरूको अनुगमन तथा सहजीकरण नगरपालिकाले तोकेको शाखा तथा इकाइले गर्नेछ वा नगरपालिकाको युवा, शिक्षा तथा बालबालिका शाखाले गर्नेछ।

**२२.** **सहयोग गर्नुपर्नेः** (१) युवा क्लबको काम कारवाहीको सम्बन्धमा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तवय हुनेछ।

**२३.** **सहकार्य गर्न सक्नेः** (१) युवा संसदको निर्माणका लागि नगरपालिकामा टोल स्तरीय, वडास्तरीय तथा नगर स्तरीय क्लबहरूको निर्माण, त्यसको क्षमता अभिवृद्धि, युवा क्लबको स्रोत व्यवस्थापन तथा नमूना युवा क्लबको अभ्यास गरी युवाको नेतृत्व विकास तथा परिचालन गर्नका लागि छायाँनाथ रारा नगरपालिकाको युवा, शिक्षा तथा बालबालिका शाखाले सम्बद्ध सरकारी तथा युवा सम्बद्ध गौरसरकारी निकाय तथा संघसंस्थाहरू संग सम्न्वय तथा सहकार्य गर्न सक्नेछ।

२४. **<u>स्रोत व्यवस्थापन गरन सक्नेः</u>** (१) युवा क्लब गठन परिचालन तथा युवा संसदको अभ्यासका लागि संघिय, प्रादेशिक र नगरपालिकाले आ-आफ्नो निकायमा रहेको मानवीय, भौतिक तथा आर्थिक स्रोत व्यवस्थापन गर्न सक्नेछ।

२५. **<u>कार्यविधिको संशोधनः</u>** (१) छायाँनाथ रारा नगरपालिकाको युवा, शिक्षा तथा बालबालिका शाखाको सिफारिसमा कार्यपालिकाले यस कार्यविधिको परिमार्जन तथा संशोधन गर्न सक्नेछ।

२६. **<u>बाधा अड्काउ फुकाउनेः</u>** (१) यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा व्यवधान आइपरेमा छायाँनाथ रारा नगरपालिकाको युवा, शिक्षा तथा बालबालिका शाखाको सिफारिसमा कार्यपालिकाले निर्देशन तथा आदेश जारी गरी आवश्यक बाधा अड्काउ फुकाउन सक्नेछ।

अनुसूची-१

(दफा ६ को उपदफा (५) को खण्ड (क) सँग सम्बन्धित)

**युवा क्लब विधान**

## ................................ युवा क्लबको विधान, २०८२

**प्रस्तावनाः** आज विश्वकै सबैभन्दा कम प्रतिव्यक्ति आय भएको मुलुकको रुपमा चिनिने हाम्रो देश "नेपाल" परम्परागत कृषि प्रणालीमा आश्रित भएको अविकसित र पछौटे समाजमा विद्यमान गरिबि, रोग, अशिक्षा, अन्धविश्वास, सामाजिक विभेद, छुवाछुत, बाताबरण प्रदुषण, अस्थिरता जस्ता दर्जनौ समस्याहरुका अलावा बेरोजगारी दिन-दुगुना रात चौगुना बढ्दै गईरहेको छ। साथै समाजमा विद्यमान आर्थिक तथा समाजिक विकासका पूर्वाधारका अपर्याप्तताको कारण सामुदायको जनजिवन बदलिन नसकिरहेको वर्तमान परिप्रेक्ष्यमा आर्थिक तथा समाजिक विकासका साथै वातावरणीय विकासका लागी युवाहरुले नयाँ सोचका साथ कट्टिबद्ध भई, सामाजिक जागरुकता ल्याई, नयाँ परिवर्तन साकार पार्नु छ। तसर्थ हाम्रो समाजमा विद्यमान ती सबै प्रकारका विकृती, विसंगती, अन्तरविरोधहरुको उचित ब्यवस्थापनको निमित्त सामाजिक, आर्थिक बिकासको साथै बिद्यमान परम्परागत ज्ञान र सिपलाई आधुनिकिकरण गरि विभिन्न क्षेत्रहरु जस्तै शिक्षा, स्वास्थ्य, कृषि, वन, वातावरण, पर्यटन, भौतिक पूर्वाधार, समानता, सुचना र रोजगारी, मनोरञ्जन, खेलकुद जस्ता महत्वपूर्ण सवालहरुमा ध्यान केन्द्रित गर्दै सामाजिक, राजनैतिक, आर्थिक एवं साँस्कृतिक रुपले पिछडिएका वर्ग समुदाय, बालबालिका, ज्येष्ठ नागरिक, अशक्त व्यक्तिका संरक्षणका लागि र विशेष गरेर युवावर्गको समग्र विकासको लागि अत्तिरिक्त कला र विभिन्न सिप सहित सामाजिक सचेतना अभिवृद्धिका कार्यक्रम ग्रामिण स्तरसम्म पुर्याई स्वरोजगार सृजना गरि आर्थिक रुपले सम्पन्न समाजको निर्माणमा सघाउ पुर्याउन सकियोस् भन्ने स्वच्छ अभिप्रायले समाजमा देखिएका शोषण, उत्पिडन, अन्याय विरुद्ध सामाजिक सदभाव कायम गर्दै, नयाँ राष्ट्र निर्माण प्रक्रियालाई सहयोग गर्न र विभिन्न धर्म, वर्ग, जातजाति, भाषा-भाषी, सम्प्रदायको बिच सामाजिक राष्ट्रिय एकता पैदा गर्दै, लोकतन्त्र सुशासन एवं सामाजिक न्यायप्रति प्रतिबद्ध रहि, विश्व बन्धुत्वको भावना सृजना गर्ने महान उद्देश्यका साथ स्थानिय बुद्धिजिवि, यूवा, महिला, ब्यवसायी तथा नागरिक समाज समेतको सहमति छलफलबाट एक सामाजिक युवा क्लब गठन गर्ने निर्णय गरे अनुरुप "**.....................**" को विधान छायाँनाथ रारा नगरपालिका युवा क्लब दर्ता तथा सञ्चालन कार्यविधि,२०८२ को अधिनमा रहि तर्जुमा गरिएको छ।

### परिच्छेद-१

### प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस युवा क्लबको नाम नेपालीमा "........................" रहनेछ। अङ्ग्रेजीमा ............................ रहनेछ। छोटकरीमा ......... रहनेछ।

(क) **युवा क्लबको कार्यालय रहने ठेगानाः** (१) यस युवा क्लबको कार्यालय जिल्ला मुगु, छायाँनाथ रारा नगरपालिका वडा नं. ......, ...........मा रहनेछ।

(ख) **युवा क्लबको कार्यक्षेत्रः** (१) यस युवा क्लबको मुख्य कार्यक्षेत्र मुगु जिल्ला छायाँनाथ रारा नगरपालिकामा हुनेछ र आवश्यकता अनुसार स्थानिय अधिकारीको स्विकृतिमा अन्य टोल वा वडामा पनि शाखा खोल्न सकिनेछ।

(ग) **प्रारम्भः** (१) यो विधान युवा क्लब दर्ता गरेको मिति देखि प्रारम्भ हुनेछ।

(घ) **युवा क्लबको अस्तित्वः** (१) यो युवा क्लब एक अविच्छिन्न उत्तराधिकारबाला, संगठित, गैर-नाफामुलक, गैरराजनितिक तथा गैरसरकारी सामाजिक युवा क्लब हुनेछ।

२. **परिभाषाः** (१) विषय र प्रसंगले अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "युवा क्लब" भन्नाले "........................." लाई सम्झनु पर्छ।

(ख) "विधान" भन्नाले यस "........................" को विधानलाई सम्झनु पर्छ।

(ग) "नियम तथा विनियम" भन्नाले यस विधान बमोजिम बनाईने "नियम तथा विनियम" लाई सम्झनु पर्छ।

(घ) "कार्यसमिति" भन्नाले यस विधान बमोजिम गठित कार्य समितिलाई सम्झनु पर्छ।

(ङ) "कार्यसमितिको सदस्य" भन्नाले यस विधान बमोजिम गठित कार्य समितिको पदाधिकारीहरुलाई सम्झनु पर्छ।

(च) "साधारण सभा" भन्नाले यस विधान अन्तर्गत बनेका सदस्यहरुको सभालाई सम्झनु पर्छ।

(छ) "सदस्य" भन्नाले यस विधान बमोजिम बनेका सदस्यता प्राप्त व्यक्तिलाई सम्झनु पर्छ।

(ज) "सल्लाहकार" भन्नाले यस विधान बमोजिम गठित कार्यसमिति वा सिंगो सदस्यहरुलाई उल्लेखित उद्देश्यहरु पुरा गर्न आवश्यक सर-सल्लाह र सहयोग गर्ने कार्यसमितिले निर्णय गरी तोकेको व्यक्तिलाई सम्झनु पर्छ।

(झ) "आर्थिक वर्ष" भन्नाले हरेक बर्षको श्रावण १ गते देखि अषाढ मसान्तको अवधिलाई सम्झनु पर्छ।

(ञ) "स्थानिय अधिकारी" भन्नाले सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई सम्झनु पर्छ।

(ट) "स्थानिय निकाय" भन्नाले वडा, नगरपालिका, महानगरपालिका र जि.वि.स जनाउनेछ ।

३. **युवा क्लबको छाप र चिन्हः** (१) प्रचलित व्यवस्थाको प्रतिकुल नहुनेगरी यस युवा क्लबको कार्य संचालनका निम्ति एउटा छुट्टै छाप र चिन्ह हुनेछ। छाप र चिन्ह अनुसुचि-१ बमोजिमको ढाँचा हुनेछ। जसमा दुई गोलाकारको बिचमा ......................... युवा क्लब लेखिएको हुनेछ। भित्री गोलामा क्लबको साङ्केतिक नामको बिच भागमा दुई हात मिलेको चिह्न र तल दर्ता साल ....... लेखिएको हुनेछ।

तर युवा क्लबको नाम छाप र चिन्ह पूर्व दर्ता भएको कुनै सस्था, क्लब सँग मेल खाएमा संशोधनको प्रक्रियाद्धारा तुरुन्त संशोधन गरिनेछ।

(२) यूवा कल्बको कार्य सञ्चालनका निम्ति एउटा छुट्टै लेटर प्याड हुनेछ। लेटर प्याड अनुसूची-२ बमोजिमको ढाँचामा हुनेछ।

## परिच्छेद-२

## उद्देश्य

४. **युवा क्लबको उद्देश्यहरुः** (१) यस युवा क्लबका उद्देश्यहरु देहाय बमोजिम हुनेछनः

(क) यो युवा क्लब मुनाफा रहित जनहितकारी समाजसेवा प्रति समर्पित हुनेछ ।

(ख) बालबालिकाहरुको चौतर्फि विकास गर्ने र चेतना जगाउने,

(ग) महिला, बालबालिका, दलित तथा पिछडिएको वर्गहरुको लागि शिक्षा, स्वास्थ्य बारे सचेतना जगाउने,

(घ) स्वास्थ्य, शिक्षा र खेलकुदको विकास गर्न अग्रसर हुने,

(ङ) नगरपालिका, वडा तथा टोल मा भएका विकृति तथा बिसंगति हटाउने,

(च) आत्मनिर्भर तथा आत्मविश्वास सम्बन्धि कार्यमा अग्रसर हुने,

(छ) युवाहरुलाई कुलतबाट बचाउने, समाजिक विकासमा सरिक गराउने, सहयोगको भावना जागृत गराउने र स्वरोजगार सृजना गराउने खालको गतिविधि संचालन गर्ने,

(ज) सरकारी, गैरसरकारी तथा अन्तराष्ट्रिय संघ-युवा क्लबहरुसँग समन्वय गरी सम्बन्ध स्थापना गर्ने,

(झ) दातृ युवा क्लबहरुबाट कुनै सर्त नराखि प्राप्त हुने चन्दा तथा अनुदान स्विकार गर्ने,

(ञ) बृद्ध-बृद्धा, असाय, दिनदुखी र एकल महिलाहरुको संरक्षण र सम्मान गर्ने।

५. **युवा क्लबको उद्देश्य प्राप्त गर्न गरिने कामहरू:** (१) यस युवा क्लबको उपरोक्त उद्देश्यहरु प्राप्त गर्न निम्न बमोजिम कामहरु गर्ने छ।

(क) युवा क्लबको उपरोक्त उद्देश्यहरु प्राप्त गर्न सम्बन्धित निकायसँग समन्वय, अनुमति वा इजाजत प्राप्त गरी मात्र उपरोक्त उद्देश्यहरु कार्यान्वयन गर्नेछ,

(ख) युवा क्लबलाई आवश्यक पर्ने भवन निर्माण गर्ने, भाडामा लिने वा लिजमा लिनेछ र कम्प्युटर टेलिफोन, टाईपराईटर र फ्याक्स आदि जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्ने छ वा भाडामा लिई प्रयोग गर्नेछ,

(ग) युवा क्लबलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवा शर्तहरु निर्धारण गर्ने,

(घ) युवा क्लबलाई प्राप्त रकम संयुक्त हस्ताक्षरित बैङ्क खाता द्धारा सञ्चालन गरिनेछ,

(ङ) अन्य आवश्यक कुराहरु विधानको अधिनमा रहि कार्यसमितिको सदस्यहरु बिच छलफल द्धारा निर्णय गरिनेछ।

## परिच्छेद-३

## सदस्यता

६. **सदस्यताको वर्गिकरण:** (१) यस युवा क्लबको देहाय बमोजिम चार सदस्यहरु वर्गिकरण गरिएको छ।

(क) **साधारण सदस्यः** (१) यस विधानको दफा ७ बमोजिम योग्यता पुगेको कुनै पनि नेपाली नागरिकले तोकिएको प्रकृया अन्तर्गत रहि आवेदन गरेमा युवा क्लबको सदस्यता प्राप्त गर्ने व्यक्तिहरु साधारण सदस्य हुने छन।

**(ख) युवा क्लबको संस्थापक सदस्यः** (१) यस युवा क्लब दर्ता हुँदाको बखतका पदाधिकारीहरु युवा क्लबको संस्थापक सदस्य हुनेछन्। युवा क्लबको संस्थापक सदस्यहरुले विधान बमोजिमको शुल्क बुझाउनु पर्छ।

**(ग) आजिवन सदस्यः** (१) युवा क्लबको विकासको लागि बिशेष सहयोग, योगदान पुर्याउने व्यक्तिलाई तोकिएको प्रकृया अन्तर्गत आजिवन सदस्यता प्रदान गरिनेछ।

**(घ) मानार्थ सदस्यः** (१) साधारण सभाले उपयुक्त ठहर गरेको विशिष्ठ समाजसेवी तथा प्रतिष्ठित नेपाली नागरिकलाई युवा क्लबको मानार्थ सदस्य प्रदान गर्न सक्नेछ।

तर मानार्थ सदस्यहरुको मताधिकार रहने छैन।

७. **सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता:** (१) युवा क्लबको सदस्यता प्राप्त गर्नको लागि देहाय बमोजिमको योग्यता प्राप्त गरेको हुनुपर्छ।

(क) नेपाली नागरिक हुनुपर्ने,

(ख) १६ वर्ष उमेर पुरा गरेको नेपाली नागरिक,

(ग) मानसिक सन्तुलन नबिग्रेको,

(घ) नैतिक पतन देखिने, फौजदारी अभियोग नलागेको र कुनै कानुनी सजाय नपाएको हुनुपर्ने,

(ङ) युवा क्लबको उद्देश्य र विधानलाई पुर्ण रुपमा स्विकार गरेको हुनुपर्ने,

(च) युवा क्लबको कार्यक्रम संचालन गर्न सक्ने दक्षता हुनुपर्ने,

(छ) प्रचलित कानुनले योग्य ठानेको हुनु पर्ने।

८. <u>**युवा क्लबको सदस्य नियुक्ति हुन वा वहाल रहन नसक्ने अवस्थाः**</u>

(क) १६ वर्ष उमेर पुरा नगरेको,

(ख) मगज बिग्रेको वा बौलाएको,

(ग) साधारण सभा समक्ष पच्हत्तर प्रतिशत सदस्यले अविश्वास प्रस्ताव गरी सो प्रस्ताव पास भएमा,

(घ) कुनै प्रकारको चोरी, ठगि, किर्ते वा जालसाझी गरेको वा आफ्नो जिम्माको धनमाल अनाधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालत बाट कसुरदार ठहर गरी, सजाय पाई, सजाय पाएको एक वर्ष भित्र,

(ङ) सम्बन्धित युवा क्लबको व्यवसायमा निजि स्वार्थ भएको,

(च) सदस्यता शुल्क बुझाउन बाकि भएको।

९. <u>**सदस्यताको समाप्तिः**</u> (१) देहायको अवस्थामा कुनै व्यक्ति युवा क्लबको सदस्यमा वाहल रहने छैन

(क) दफा (७) बमोजिम सदस्य पदमा नियुक्ति हुन नसक्ने भएमा,

(ख) साधारण सभाबाट पच्हत्तर प्रतिशत बहुमतले युवा क्लबको सदस्य पदबाट हटाउने प्रस्ताव पास गरेमा,

(ग) सदस्यले आफ्नो पदबाट दिएको राजिनामा स्विकृति भएमा,

(घ) युवा क्लबको काम कारबाहीमा बेइमानी वा बदनियत गरेको कुरा साधारण सभाको दुई तिहाई बहुमतले प्रमाणित भएमा,

(ङ) यस विधान बमोजिम युवा क्लबले गर्न नहुने भनि तोकिएको कुनै कार्य गरेमा,

(च) सदस्यता शुल्क बुझाउन बाकि भएको दुई बर्ष पूरा भई सदस्यता नविकरण नगरेमा,

(छ) युवा क्लब विघटन भै खारेज भएमा।

(२) कुनै व्यक्तिलाई युवा क्लबको सदस्यमा नियुक्ति हुन वा वाहल रहन अयोग्य ठहराउनु भन्दा अघि युवा क्लबले निजलाई सो कुराको सुचना दिई सफाईको मुनासिब मौका दिनुपर्नेछ ।

१०. <u>**सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधिः**</u> (१) यस विधानको दफा ६ बमोजिमको सदस्यहरुले देहाय बमोजिमको उपदफामा तोकिएको शूल्क तिरी सदस्यता प्राप्त गर्न सक्नेछन।

(क) **साधारण सदस्यः** (१) साधारण सदस्यता प्राप्त गर्न चाहाने व्यक्तिले प्रवेश शूल्क बापत रु. २००/- (अक्षरेपि दुई सय रुपैयाँ मात्र) र बार्षिक शूल्क बापत रु. १००/- (अक्षरेपि एक सय रुपैयाँ मात्र) बुझाई तोकिएको प्रक्रिया अनुसार आवेदन पेश गर्नेलाई कार्यसमितिको निर्णयले साधारण सदस्यता प्रदान गर्न सक्नेछ।

(२) खण्ड (क) बमोजिमको साधारण सदस्यलाई प्रत्येक एक बर्षमा नविकरण शुल्क रु.१००/- (अक्षरेपि एक सय रुपैयाँ मात्र) लाग्नेछ ।

(३) साधारण सदस्यको सदस्यता लिएको मितिले एक वर्ष सम्म मात्र कायम रहने हुदा सदस्यता समाप्त भएको मितिले पैतिस दिन भित्र सदस्यता नविकरण गराई सक्नुपर्छ। जुन सुकै महिनामा सदस्यता प्राप्त गरेता पनि सो सालको विक्रम संवतको चैत्र मसानतमा सदस्यता समाप्त हुनेछ।

(ख) **युवा क्लब संस्थापक सदस्य:** (१) यस युवा क्लब दर्ता हुँदाको बखतका तदर्थ समितिका पदाधिकारीहरु युवा क्लबका संस्थापक सदस्य हुनेछन्।

(२) युवा क्लबपक सदस्यहरुले विधानमा उल्लेख भए बमोजिमको शुल्क बुझाई साधारण सदस्य वा आजिवन सदस्य प्राप्त गर्न सक्नेछन।

(ग) **आजिवन सदस्य:** (१) युवा क्लबमा एकमुष्ठ शुल्क रु. १०००/- (अक्षरेपि एक हजार रुपैयाँ मात्र) बुझाई तोकिएको प्रकृया अन्तर्गत आवेदन पेश गर्ने व्यक्तिलाई कार्यसमितिकको निर्णयले आजिवन सदस्यता प्रदान गर्न सक्नेछ।

तर युवा क्लबपक सदस्यको हकमा यो प्रावधान लागु हुने छैन।

(घ) **मानार्थ सदस्य:** (१) साधारण सभाले उपयुक्त ठहर गरेको विशिष्ठ समाजसेवी तथा प्रतिष्ठित नेपाली नागरिकलाई युवा क्लबको मानार्थ सदस्य प्रदान गर्न सक्नेछ।

तर मानार्थ सदस्यहरुको मताधिकार रहने छैन ।

(२) कुनै आवेदकलाई सदस्य नदिने निर्णय गरेमा सो को कारण सहितको जानकारी आवेदकलाई दिईने छ।

(३) सबै सदस्यहरुले यस विधान र विधान अन्तर्गत बनेको नियम र विनियम भएको व्यवस्थाको पालना गर्नुपर्छ।

(४) युवा क्लबले प्रदान गरेको दफा ६ अनुसारको सदस्यताहरुको तोकिएको ढाँचामा छुट्टै अभिलेख पुस्तिका रहने छ।

## परिच्छेद-४

## साधारण सभा, कार्य समिति तथा बैठक सम्बन्धि व्यवस्था

**११.** **साधारण सभाको गठन:** (१) यस युवा क्लबको विधानको दफा ७ अनुसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरु बाहेक अन्य युवा क्लबको साधारण सभा गठन हुनेछ। मानार्थ सदस्यहरु आमन्त्रित हुनेछन। साधारण सभा युवा क्लबको सर्वोच्च अगं हुनेछ।

(२) यस युवा क्लबको साधारण सभा देहाय बमोजिम हुनेछ।

(क) **बार्षिक साधारण सभा:** बर्षको एक पटक बार्षिक साधारण सभा बस्ने छ।

(ख) **विशेष साधारण सभा:** युवा क्लबको कूल सदस्य संख्याको एक चौथाई सदस्यहरुले कारण जनाई विशेष साधारण सभा माग गरेमा कार्य समितिले कम्तिमा सात दिन भित्र अनिवार्य रुपमा बोलाउनु पर्छ।

तर साधारण सभा वा विशेष सभा बसेको छ महिना भित्र पुनः विशेष साधारण सभा बस्न सक्नेछ।

(३) यस युवा क्लबको प्रथम बार्षिक साधारण सभा युवा क्लब स्थापना भएको आ.ब. समाप्त भएको मितिले दुई महिना भित्रमा गरिनेछ र त्यस पछिको बार्षिक साधारण सभाहरु प्रत्येक आ.ब. समाप्त भएको मितिले दुई महिना भित्र गरिनेछ।

(४) यस युवा क्लबको बार्षिक साधारण सभा गर्नको लागि कम्तिमा पन्ध्र दिन अगावै र बिशेष साधारण सभा गर्नको लागि कम्तिमा सात दिन अगावै सभा हुने ठाउँ, मिति र छलफल गर्ने बिषयका बारेमा सबै साधारण र आजिवन सदस्यलाई अनिवार्य रुपमा सुचना दिईनेछ।

(५) उपदफा (४) बमोजिम बोलाईएका साधारण सभा वा विशेष साधारण सभामा विधानको दफा १८ बमोजिमको गण पूरक संख्या नपुगि सभा हुन नसकेमा कम्तिमा पन्ध्र दिनको म्याद दिई पुनः साधारण सभा बोलाईनेछ।

(६) साधारण सभा र विशेष साधारण सभाको छुट्टाछुट्टै निर्णय पुस्तिका राखिने छ।

१२. **साधारण सभाको काम, कर्तव्य र अधिकारः** (१) साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) कार्य समितिले पेश गरेको योजना कार्यक्रमहरु र बार्षिक बजेट पारित गर्ने,

(ख) लेखा परीक्षकबाट प्राप्त भएको बार्षिक लेखा परिक्षण-प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने र लेखा परिक्षण प्रतिवेदनबाट देखिएका अनियमित बेरुजु रकमहरु माथि छलफल गरि नियमित गर्न नमिल्ने बेरुजु रकमहरु अशुल उप गरी फछ्यौट गर्नको लागि कार्य समितिलाई निर्देशन दिने,

(ग) आगामी बर्षको लागि लेखा परीक्षक नियुक्ति गर्ने,

(घ) युवा क्लबको कार्यसमितिका पदाधिकारीहरुको पदावधि पुगेको अवस्थामा कार्यसमितिका पदाधिकारीहरुको विधान बमोजिमको प्रक्रिया अन्तर्गत रही निर्वाचन गर्ने,

(ङ) युवा क्लबको कार्य बिस्तारको बिषयमा आवश्यक योजना र नीति पास गर्ने छ,

(च) कार्यसमितिबाट पेश भएको विधान संशोधन, तथा युवा क्लबको नियम विनियम स्विकृति गर्न,

(छ) युवा क्लबलाई विघटन गर्नुपर्ने भए, कार्यसमितिले आवश्यक निर्णय गरि अर्को व्यवस्था गर्नेछ,

(ज) कार्यकारिणी उपर अविश्वास भएमा यस विधानमा व्यवस्था भए अनुसारको प्रकृया पुरा गरी निर्णय गर्ने,

(झ) मानार्थ सदस्यता प्रदान गर्ने।

१३. **कार्यसमिति गठनः** (१) साधारण सभाका सदस्यहरुबाट निर्वाचित देहाय बमोजिमको पदाधिकारिहरु रहने १३ सदस्यीयको एक कार्यसमिति गठन गरिने छ।

| | | |
|---|---|---|
| (क) | अध्यक्ष | एक जना |
| (ख) | उपाध्यक्ष | एक जना |
| (ग) | सचिब | एक जना |
| (घ) | सह सचिव | एक जना |
| (ङ) | कोषाध्यक्ष | एक जना |
| (च) | सदस्य | एक जना |

(२) कार्यसमितिका पदाधिकारीहरुको पदावधि निर्वाचित भएको मितिले एक बर्ष हुनेछ।

(३) बार्षिक साधारण सभा हुनु भन्दा अगावै कुनै कार्यसमितिमा रहेको सदस्यको पद रिक्त हुन आएमा बाकी अवधिका लागि कार्यसमितिको सदस्यको नियुक्ति कार्यसमिति द्धारा गर्न सकिनेछ। कुनै सदस्यको पद बिचमा रिक्त भएमा सो पदमा कार्यसमितिले आवश्यकता अनुसार अर्को सदस्य नियुक्ति गर्न सक्नेछ।

(४) कार्यसमितिको बैठकमा सदस्य स्वयं उपस्थित हुनुपर्नेछ।

(५) कार्यसमितिको बैठक आवश्यकता अनुसार अध्यक्षले बोलाउने छ।

तर कार्यसमितिको पदाधिकारीहरुको जम्मा संख्याको एकाउन्न प्रतिशतले बैठक बोलाउन माग गरेमा अध्यक्षले कार्यसमितिको बैठक तुरुन्त बोलाउनु पर्नेछ।

(६) सदस्यहरुको जम्मा संख्या कम्तिमा एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भई कार्यसमितिको बैठक हुने छैन।

(७) कार्यसमितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितमा कार्यसमितिको उपाध्यक्षले गर्नेछ र अध्यक्ष, उपाध्यक्ष उपस्थिति हुन नसकेको अवस्थामा कार्यसमितिको ज्येष्ठ नागरिकले बैठकको अध्यक्षता गर्नेछ।

(८) कार्यसमितिको बैठक सकभर सर्वसम्मत हुनेछ, सर्वसम्मत हुन नसकेमा बहुमतको निर्णय मान्य हुनेछ र सो निर्णय नै युवा क्लबको निर्णय हुनेछ तथा मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ।

(९) कार्यसमितिको बैठकमा छलफल भएको विषय र तत्व सम्बन्धमा भएको निर्णय विवरण (माईन्युट)किताबमा लेखि राख्नुपर्दछ। र सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुको एकाउन्न प्रतिशतको उपस्थिती हुनुपर्नेछ।

(१०) युवा क्लबले गर्ने भनेको सम्पूर्ण कार्य समितिकै निर्णयबाट हुनेछ।

(११) माथिको दफामा जुन सुकै कुरा लेखिएको भएता पनि कार्यसमितिले गर्न पाउने कुनै कामको सम्बन्धमा कार्यसमितिको सबै सदस्यहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यसको काम बैठकबिना पनि गर्न सकिन्छ। उपरोक्त बमोजिमको सहमतिलाई कार्यसमितिको निर्णयबाट हुनेछ।

१४. **<u>कार्यसमितिको काम, कर्तव्य र अधिकारः</u>** (१) कार्यसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) युवा क्लबको आगामी बर्षको बार्षिक कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारण सभामा प्रस्तुत गर्ने,

(ख) विधान बमोजिमको व्यवस्था पालना गरी साधारण सभाको निर्णय कार्यान्वयन गर्ने गराउने,

(ग) युवा क्लबको हितमा कार्यक्रमहरु सञ्चालन गर्ने,

(घ) साधारण सभा प्रति उत्तरदायी रहने,

(ङ) युवा क्लबको उद्देश्य प्राप्तिको लागि उपलब्ध साधान र स्रोतको अधिकतम उपभोग र प्रयोग गर्ने,

(च) युवा क्लबको कार्य सम्पादन गर्न कार्य योजना बनाउने, स्रोत जुटाउने, कार्यन्वयन, सुपरीवेक्षण र अनुगमन गर्ने,

(छ) युवा क्लबको कोष र सम्पति सुरक्षित तरिकाले राख्न लगाउने र बैक खाता खोली संचालने गर्ने,

(ज) युवा क्लबको कर्मचारीहरुको सेवा, शर्त त सुविधा आदि सम्बन्धि कर्मचारी नियमावली बनाई साधारण सभाबाट स्वीकृत गराई लागु गर्ने गराउने,

(झ) युवा क्लबको उद्देश्य प्राप्तिको लागि आफ्नो कार्य अवधिमा उपयुक्त व्यक्तिहरुको सल्लाहकार समितिका साथै अन्य समिति वा उपसमिति गठन गर्ने र आवश्यकता अनुसार कार्य बाडफाड गर्ने,

(ञ) युवा क्लबको नेतृत्वदायी भूमिका निर्वाह गर्ने,

(ट) सामाजिक, आर्थिक, साँस्कृतिक उत्तरदायित्व रहनेछ।

**१५.** **<u>पद त्याग गर्न सक्ने</u>:** (१) अध्यक्षले साधारण सभा वा बिशेष साधारण सभा समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजिनामा दिई पद त्याग गर्न सक्ने छन्।

**१६.** **<u>अन्य समितिहरु</u>:** (१) यस विधानको परिधी भित्र रहेर युवा क्लबको कार्य संचालनको लागि कार्य समितिले आवश्यकता अनुसार अन्य समिति वा उपसमिति गठन गर्न सक्ने छ। गठित उपसमितिले तोकिएको काम निश्चित अवधिमा पुरा गरी विवरण कार्य समितिलाई पेश गर्नुपर्नेछ।

(२) उपसमितिको कार्यहरु कार्य समितिले तोकिदिए बमोजिम हुने छ।

## परिच्छेद-५

## <u>पदाधिकारीहरुको काम कर्तव्य र अधिकार</u>

**१७.** **<u>पदाधिकारीहरुको काम कर्तव्य र अधिकार</u>:** (१) कार्य समितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

**(क) अध्यक्ष काम कर्तव्य र अधिकारः**

(१) समिति र सभाको बैठकको अध्यक्षता गर्ने, बैठक सञ्चालन गर्ने,

(२) निर्णायक मत दिने,

(३) अभिलेख प्रमाणित गर्ने,

(४) आवश्यकता अनुसार बैठकहरु बोलाउन सचिवलाई निर्देशन दिने,

(५) युवा क्लबको काम कारबाहिको लागि युवा क्लबको प्रतिनिधित्व गर्ने गराउने,

(६) साधारण सभा र केन्द्रिय कार्यसमिति द्धारा गरिएको निर्णयहरु कार्यान्वयन गर्ने, गराउने,

(७) युवा क्लबको सम्पूर्ण सम्पतिको संरक्षण रेखदेख तथा नियन्त्रण गर्ने,

(८) कार्यसमितिको पदाधिकारी एवं सदस्यहरुमा कामको बाडँफाडँ एवं निर्देशन दिने,

(९) युवा क्लब सम्बन्धि काम कारबाहिको प्रतिबेदन सम्बन्धित निकायमा पेश गर्ने,

(१०) युवा क्लबको प्रमुख भई जिम्मेवारी लिने।

**(ख) उपाध्यक्षः**

(१) अध्यक्षको काममा सहयोग पुयाउने,

(२) अध्यक्षको अनुपस्थितमा निजले गर्नुपर्ने सम्पूर्ण काम गर्ने,

(३) अध्यक्षले तोकेको अन्य कामहरु गर्ने गराउने।

**(ग) सचिव को काम कर्तव्य र अधिकारः**

(१) अध्यक्षको निर्देशनमा साधारण सभा, अधिवेशन तथा समितिको बैठक बोलाउने,

(२) साधारण सभाको अधिवेशन र समितिको वैठकको सुचि तयार गर्ने, गराउने,

(३) तोकिएको अन्य काम गर्ने,

(४) बैठकको निर्णयहरुको रेकर्ड र निर्णयलाई सदस्य समक्ष पठाउने,

(५) साधारण सभा कार्य समितिबाट भएका निर्णयहरु कार्यान्वयन गर्ने र गराउने,

(६) अध्यक्षले तोकेको अन्य काम गर्ने गराउने,

(७) युवा क्लबको दैनिक प्रशासनिक कार्यमा स्वयं संलग्न रहि प्रबन्ध निरिक्षण गर्न निर्देशन दिने, गतिविधि, भावि कार्यक्रम र योजना विषयक प्रतिवेदन प्रस्ताव पेश गर्ने।

**(घ) सह-सचिवः**

(१) सचिवको काममा सहयोग गर्ने,

(२) सचिवको अनुपस्थितमा सचिवले गर्नुपर्ने सम्पूर्ण काम गर्ने।

**(ङ) कोषाध्यक्षः**

(१) कार्यसमितिले निर्धारण गरे बमोजिम युवा क्लबको हिसाब किताब राख्ने,

(२) आर्थिक विवरणहरु कार्य समितिमा पेश गर्न,

(३) आर्थिक प्रशाशन सम्बन्धि सम्पूर्ण बिषयको जिम्मेबारी लिने,

(४) युवा क्लबको बार्षिक आर्थिक प्रतिवेदन र आउदो आर्थिक आय व्ययको अनुमान साधारण सभामा र कार्य समितिका पेश गर्ने,

(५) वर्षको एक पटक युवा क्लबको आयव्यय साधारण सभाले नियुक्त गरेको लेखा परिक्षक बाट लेखा परिक्षण गराउने,

(६) युवा क्लबको कोषमा अनियमितता हुन नदिने,

(७) युवा क्लबको हितको निम्ति अन्य आवश्यक कार्यहरु गर्ने।

**(छ) कार्यसमितिका अन्य सदस्यहरुको काम, कर्तव्य र अधिकारः**

(१) कार्यसमितिको बैठकमा सहभागी भई राय सल्लाह दिने,

(२) युवा क्लबको हित हुने काममा सहयोग पुरराउने,

(३) कार्यसमितिले तोकिदिएको अन्य कार्यहरु गर्ने।

**१८.** **गणपुरक संख्याः** (१) कुल सदस्यको साठी प्रतिशत प्रतिनिधित्व हुने सदस्यहरु उपस्थित नभई साधारण सभाको काम कारबाही हुने छैन।

तर विधानको दफा ११ को उपदफा (५) मा उल्लेख भए बमोजिम पुनः बोलाइएको साधारण सभामा कुल युवा क्लब संस्थापक संख्याको एकाउन्न प्रतिशत प्रतिनिधित्व हुने गरि उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन।

## परिच्छेद-६

## आर्थिक व्यवस्था

**१९.** **युवा क्लबको कोषः** (१) युवा क्लबको आप्नो छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिमको प्राप्त रकमहरु जम्मा हुनेछनः

(क) सदस्यको सदस्यता शुल्कबाट जम्मा भएको रकम,

(ख) युवा क्लबले विभिन्न श्रोत र साधनको परिचालन मार्फत आर्जन गरेको रकम,

(ग) स्वदेशी व्यक्तिबाट प्राप्त हुन आउने रकमहरु,

(घ) युवा क्लबलाई प्राप्त हुन आउने अन्य चन्दा तथा दानबाट प्राप्त हुने रकमहरु,

(ङ) विदेशी युवा क्लब, व्यक्ति वा अन्तर्राष्ट्रिय संघ युवा क्लबबाट सहयोग बापत प्राप्त रकम,

(च) स्थानिय निकायबाट प्राप्त अनुदान वा सहयोग वापत प्राप्त रकम।

(२) विदेशी सहयोग वा विदेशी अनुदानको रकम लिनुपर्दा नेपाल सरकारको सम्बन्धित निकाय समाज कल्याण परिषदको पूर्व स्विकृति लिइनेछ।

(३) युवा क्लबमा प्राप्त रकम बैंकमा जम्मा गरी बैंक खाता संचालन गरिने छ।

२०. **<u>खाता संचालनः</u>** (१) युवा क्लबको आफ्नै नाम एउटा कोष रहनेछ, जसमा माथि उल्लेखित बमोजिमको रकम जम्मा हुनेछ। युवा क्लबको अध्यक्ष, कोषाध्यक्ष र सचिवको संयुक्त हस्ताक्षरबाट खाता सञ्चालन हुनेछ।

तर कोषाध्यक्षको हस्ताक्षर अनिवार्य हुनेछ। प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता ऐन नियम अनुसार गरिनेछ।

२१. **<u>कोषको रकम खर्च गर्ने तरिकाः</u>** (१) युवा क्लबको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिम तरिका अपनाई खर्च गरिने छः

(क) युवा क्लबको बार्षिक बजेट योजना र कार्यक्रम स्वीकृती नगरी कोषबाट खर्च गर्न सकिने छैन,

(ख) साधारण सभाबाट पारित बजेट र कार्यक्रमको अधिनमा रही कोषबाट रकम खर्च गर्न सकिने छ,

(ग) कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपले पेश गर्नु पर्नेछ,

(घ) कोषको रकम खर्च गर्दा तोकिएको बमोजिम खर्च गर्नुपर्ने छ।

२२. **<u>युवा क्लबको लेखा र लेखापरिक्षणः</u>** (१) युवा क्लबको आयव्ययको लेखा प्रचलित कानुन बमोजिम राखिनेछ।

(२) युवा क्लबको लेखापरिक्षण प्रचलित कानुन बमोजिम रजिष्टार्ड लेखा परिक्षण बाट गराईनेछ।

(३) नेपाल सरकार वा स्थानिय अधिकारीले चाहेमा जुन सुकै बखत पनि युवा क्लबको हिसाब किताब जाच्न वा जचाउन सकिनेछ।

(४) लेखा परिक्षकको नियुक्ति बार्षिक साधारण सभाबाट हुनेछ।

तर प्रथम बार्षिक साधारण सभा नभएसम्म लेखा परिक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ। लेखा परिक्षणको प्रतिवेदन बार्षिक रुपले जिल्ला प्रशासन कार्यालय समाज कल्याण परिषद वा अन्य निकायहरुमा पेश गरिनेछ।

## परिच्छेद-७

## <u>निर्वाचन, अविश्वाशको प्रस्ताव, विधान संशोधन सम्बन्धि व्यवस्था</u>

२३. **<u>निर्वाचन सम्बन्धि व्यवस्थाः</u>** (१) कार्यसमितिले निर्वाचनका लागि एउटा निर्वाचन अधिकृत नियुक्ति गर्नेछ।

(२) निर्वाचन सम्बन्धि कार्यविधि प्रचलित कानुनका आधारमा रहि निर्वाचन अधिकृतले तोके बमोजिम हुनेछ, अन्य सहयोगि सदस्य आवश्यक्ता अनुसार निर्वाचित अधिकृतले नियुक्त गर्नेछन।

(३) निर्वाचन अधिकृत र सहयोगिको पारिश्रमिक र सुबिधा कार्यसमितिले तोके बमोजिम हुनेछ।

(४) निर्वाचन सम्बन्धि विवाद उत्पन्न भएमा निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हेनेछ।

(५) निर्वाचन मण्डलले युवा क्लबको विधानको प्रस्तावना र दफाहरुको अधिनमा रहि कार्य सम्पादन गर्नु पर्नेछ। युवा क्लबको हित प्रतिकुल कुनै निर्णय गर्न पाइने छैन।

२४. **<u>उम्मेद्वार हुने योग्यताः</u>** (१) कार्यसमिति उम्मेद्वार हुने गर्दा देहाय बमोजिम योग्यता पुगेको हुनु पर्नेछः

(क) युवा क्लबको सदस्य भई नविकरण गराएको।

(ख) युवा क्लबको हिसाब किताब बाकिँ नराखेको वा नमासेको।

(ग) विधान अनुसार उम्मेदवार हुने योग्य भएको।

(घ) सामाजिक भावना भएको हुनुपर्ने।

२५. **<u>अविश्वासको प्रस्तावः</u>** (१) अविश्वासको प्रस्ताव लिखित रुपमा कुन कुन पदाधिकारीको विरुद्दमा हो स्पष्ट खुलाई देहाय बमोजिमको रित पुर्याई युवा क्लब दर्ता गर्नु पर्नेछ।

(क) साधारण सभाले विशेष कारण देखाएमा सम्पूर्ण सदस्यहरुको कार्यसमितिका दुई तिहाइ बहुमतले सदस्यहरुलाई अविश्वासको प्रस्ताव पारित गरि कार्यसमितिको पदबाट हटाउन सकिनेछ।

(ख) साधारण सभामा मात्र अविश्वासको प्रस्ताव उपर छलफल हुनेछ। अविश्वासको प्रस्ताव ल्याउनको लागि कुल सदस्य संख्याको कम्तिमा पचिस प्रतिशत सदस्यको लिखित निवेदन सहित आउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम युवा क्लबको दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय खुलाई साधारण सभा वा विशेष साधारण सभा बस्ने स्थान, मिति, समय, समेत तोकी युवा क्लबको साधारण सभाको सम्पूर्ण र सदस्यहरुलाई विधानको दफा ११(४) बमोजिम साधारण सभा वा विशेष साधारण सभा बस्ने सूचना दिईने छ।

(३) **अविश्वासको प्रस्ताव माथि छलफलको प्रक्रियाः**

(क) साधारण सभा अध्यक्षता गर्ने व्यक्तिले साधारण सभा उपदफा (१) बमोजिमको प्रस्ताव पेश गर्ने अनुमति दिईनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरु मध्ये एक जनाले अविश्वासको प्रस्तावको ल्यउनु पर्ने कारण सहित आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्ने छ।

(ख) उपदफा (३) को खण्ड (क) बमोजिम अविश्वासको प्रस्ताव, पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत उपर मत प्रकट गर्न चाहाने बढीमा अन्य तिन जना सदस्यहरुलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ।

(ग) उपदफा (१) बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरु विरुद्द प्रस्तुत गरिएको हो। अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारीहरुलाई आफ्नो सफाई पेश गर्ने मौकाको लागि आफ्नो भनाई राख्न अनुमति दिईने छ।

**(४) अविश्वासको प्रस्ताव माथि निर्णयः** (१) अविश्वासको प्रस्ताव उपर आफ्नो अभिमत प्रस्तुत गर्ने क्रम समाप्त भएपछि अध्यक्षता गर्ने व्यक्तिले सो प्रस्तावको बहुमत पक्ष वा विपक्षमा छ भन्ने निर्णयको लागि देहाय बमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको प्रस्तावको निर्णय घोषणा गर्ने छ।

(क) अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समुहमा र विपक्षमा मत प्रकट गर्ने अर्को समुह छुट्याएर वा

(ख) साधारण सभाका सदस्यहरुलाई अविश्वासको प्रस्तावको पक्ष वा विपक्षमा गोप्य मतदान गराएर ।

(२) साधारण सभाको कुल सदस्यको दुई तिहाइ बहुमतले अविश्वासको प्रस्ताव पारित हुनेछ। त्यस्तो प्रस्ताव पारित भएमा प्रस्तावित पक्षका व्यक्तिहरु पद मुक्त हुनेछन।

(३) निर्वाचित भएको छ महिना नपुगी वा प्रस्ताव विफल भएको छ महिना नपुगि त्यस्तो व्यक्ति उपर पुनः प्रस्ताव ल्याउन पाउने छैन।

२६. **विधान संशोधनः** (१) कुल सदस्य संख्याको दुई तिहाई सदस्यहरुले अनुमोदन गरे पश्चात मात्र युवा क्लबको कुनै दफा संशोधन वा खारेजको लागि स्थानिय अधिकारी समक्ष सिफारिस गरी पठाउनु पर्नेछ। स्थानिय अधिकारीबाट स्विकृति भए पश्चात मात्र युवा क्लबको कुनै दफा संशोधन वा खारेज भएको मानिनेछ।

२७. **नियम तथा विनियम बनाउन सक्नेः** (१) युवा क्लबले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक नियम बनाउन सक्ने छ र सो को जानकारी स्थानिय अधिकारी लाई दिनुपर्दछ।

(२) यो विधान र विधान अन्तर्गत बनेको नियमको अधिनमा रही युवा क्लबको कार्य संचालन र उद्देश्य कार्यान्वयनका लागि कार्य समितिले कर्मचारी व्यवस्था र आर्थिक प्रशासन सम्बन्धी विनियम बनाई लागू गर्न सक्नेछ । त्यस्तो विनियमहरु साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ।

२८. **कर्मचारीको व्यवस्थाः** (१) युवा क्लबको दैनिक कार्य सञ्चालन र योजना तथा कार्यक्रम संचालनको लागि कर्मचारी दरबन्दी सिर्जना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र कर्मचारीको सेवा शर्तहरु अपनाउनु पर्ने कार्यविधि तोकिएको बमोजिम हुनेछ।

२९. **युवा क्लबको विघटनः** (१) साधारण सभाले आवश्यक देखेमा बिशेष प्रस्ताव पारित गरि खारेज गर्न सक्नेछ। र सोको जानकारी स्थानिय अधिकारीलाई दिईनेछ।

(२) अन्य कुनै कारण युवा क्लब खारेज भएमा युवा क्लबको चल अचल सम्पति नेपाल सरकार को हुनेछ ।

३०. **व्याख्याः** (१) यो विधान र विधान अन्तर्गत बनेको नियम विनियमको व्याख्या गर्ने अधिकार कार्यसमितिलाई हुनेछ।

३१. **गोप्यता भङ्ग गर्न नहुनेः** (१) यस युवा क्लबको कुनै पनि पदाधिकारी वा सदस्यले युवा क्लबको अहित हुने कार्य गर्नु हुदैन। कार्यसमितिका पदाधिकारी वा साधारण सभाका सदस्यले बैठकमा वा साधारण सभामा असभ्य र अश्लिल शब्द प्रयोग गर्न पाईने छैन।

३२. **ऐन अनुसार हुनेः** (१) यस विधानमा उल्लेख नभएको कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ र युवा क्लब दर्ता ऐन नियम र प्रचलन कानुन सँग बाझिन गएका कुराहरु स्वतः निष्कृय हुनेछ।

३३. **निर्देशनको पालनाः** (१) नेपाल सरकार वा स्थानिय अधिकारीले समय-समयमा दिएको निर्देशन पालना गर्नु युवा क्लबको कर्तव्य हुनेछ।

३४. **तदर्थ समितिः** (१) यो युवा क्लब स्थापना गरी दर्ता गराउनको लागि गठित तदर्थ समितिले छ महिना भित्र विधान अनुसारको निर्वाचन कार्य गर्नको लागि समितिको गठन गर्नुपर्नेछ। सो अवधिमा कार्य समितिले गरेका कामहरु यसै विधान अनुसार भएको मानिनेछ।

३५. **विविधः** (१) यस युवा क्लबको उद्देश्य अनुसार स्थानिय स्तरमा कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित स्थानिय निकाय नगरपालिकाका बार्षिक कार्यक्रममा समावेश गराई वा स्विकृति लिई कार्यक्रम सञ्चालन गर्न सकिन्छ।

(२) युवा क्लबले विधान अनुसार कार्य सञ्चालन गर्न नसकेमा वा युवा क्लब विरुद्ध परेको उजुरीमा छानविन गर्दा आवश्यक देखिएमा अधिकारीले उक्त युवा क्लबलाई आवश्यक निर्देशन छानविन गरि आवश्यक काम कारवाहि गर्न सक्छ।

**३६.** हामी "......................." छायाँनाथ रारा नगरपालिका वडा नं..... का निम्न युवा क्लब संस्थापकहरु यस विधान बमोजिम कार्य गर्न मञ्जुर भई निम्न साक्षीको रोहबरमा विधानमा सहि छाप गर्दछौ।

**(क) युवा क्लबपकको नाम, थर ठेगानाः**

| **क्र.स.** | **पद** | **नाम** | **ठेगाना** | **पेशा** | **दस्तखत** |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष | | | | |
| २ | उपाध्यक्ष | | | | |
| ३ | सचिव | | | | |
| ४ | सह-सचिव | | | | |
| ५ | कोषाध्यक्ष | | | | |
| ६ | सदस्य | | | | |
| ७ | सदस्य | | | | |
| ८ | सदस्य | | | | |
| ९ | सदस्य | | | | |
| १० | सदस्य | | | | |
| ११ | सदस्य | | | | |
| १२ | सदस्य | | | | |
| १३ | सदस्य | | | | |

**(ख) सल्लाहकारहरूः** **दस्तखत**

(१) श्री.......................

(२) श्री.......................

(३) श्री.......................

(४) श्री.......................

(५) श्री.......................

(ग) <u>साक्षीहरुः</u> **दस्तखत**

(१) श्री ......................

(२) श्री......................

(३) श्री......................

(४) श्री......................

(५) श्री......................

अनुसूची-१

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

**<u>यूवा कल्बको लोगो</u>**

**<u>यूवा कल्बको चिन्ह</u>**

अनुसूची-२

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

**<u>यूवा कल्बको लेटर प्याड</u>**

अनुसूची-२

(दफा ६ को उपदफा (५) को खण्ड (च) सँग सम्बन्धित)

**युवा क्लब दर्ताको निवेनको ढाँचा**

मितिः........................

नेपाल संवत ..............................

श्री ............................ज्यू,

...................................।

**विषयः युवा क्लब दर्ता सम्बन्धमा।**

छायाँनाथ रारा नगरपालिकाको युवा क्लब गठन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८२ को दफा ६ अनुसार युवा क्लब दर्ता गर्न चाहेकोले देहायको विवरण खुलाई तथा कागजात संलग्न गरी दर्ताको लागि यो निवेदन पेश गरेको छु। युवा क्लब दर्ता भए पश्चात यस कार्यविधि तथा युवा क्लबको विधान अनुसार पालन गर्नुपर्ने शर्तको पालना गर्न मञ्जुर छु।

(१) प्रस्तावित युवा क्लबको नामः

(२) युवा क्लब रहने ठेगाना, मो.नं, समेतः

(३) युवा दर्ता गर्नु पर्ने कारणः

(क)

(ख)

(ग)

(घ)

(ङ)

**निवेदक**

नाम, थरः

ठेगानाः

दस्तखतः

**संलग्न कागजातहरू:**

(क) युवा क्लब गठन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८२ को दफा ६ को उपदफा (५) को खण्ड (क) अनुसार अनुसूची-१ को ढाँचामा युवा क्लबको विधानको सक्कल प्रति एक

(ख) युवा कल्बको कार्यसमितिका सदस्यहरूको नागरिकता वा राष्ट्रिय परिचय पत्रको प्रतिलिपि,

(ग) युवा कल्बको साधारण सभाको निर्णय पुस्तिकाको प्रतिलिपि,

(घ) दफा १३ अनुसारको युवा क्लबको छाप र लेटरहेडको नमूना,

(ङ) नगरपालिकाले टोकेको युवा क्लब दर्ताको शुल्क तिरेको सक्कल रसिद वा निशुल्क दर्ता गर्नेको हकमा सोको युवा क्लब निःशुल्क दर्ता गर्नुपर्ने कारण सहितको कागजात प्रति।

अनुसूची-३
(दफा ६ को उपदफा(६) सँग सम्बन्धित)

## युवा क्लब दर्ताको प्रमाणपत्रको ढाँचा

**(पछाडीको भाँग)**

**नविकरण सम्बन्धी विवरण**

| क्र.स. | प्रमाणपत्र प्रदान गरिएको मिति र अवधि | नवीकरण गर्ने मिति | नविकरण गर्ने कर्मचारीको नाम थर | दर्जा र दस्तखत | कार्यालयको छाप |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**अनुसूची-४**
**(दफा ६ सँग सम्बन्धित)**
**युवा क्लब दर्ताको प्रमाणपत्रको ढाँचा**

**(अगाडीको भाँग)**

# छायाँनाथ रारा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## गमगढी, मुगु

मितिः

# प्रमाण-पत्र

☐ नगर युवा क्लब

☐ वडा युवा क्लब

☐ टोल युवा क्लब

**कर्णाली प्रदेश, नेपाल**

यस छायाँनाथ रारा नगरपालिकामा युवा क्लब गठनको लागि दर्ता हुन पाऊँ भनी ....................................... ले मिति ....................... मा दिएको निवेदन उपर कारवाही हुँदा छायाँनाथ रारा नगरपालिकाले **छायाँनाथ रारा नगरपालिकाको युवा क्लब गठन तथा सञ्चालन कार्यविधि, २०८२ को दफा ६** अनुसार युवा क्लब दर्ता गरी यो **प्रमाण-पत्र** प्रदान गरिएको छ।

**युवा क्लबको नामः** ..................................................

**ठेगानाः** ...................................................................

..................................

(...........................)

**प्रमुख प्रशासकीय अधिकृत**

अनुसूची-४

(दफा ६ को उपदफा (७) को खण्ड (क) सँग सम्बन्धित)

## युवा क्लब नविकरणको निवेनको ढाँचा

मितिः........................

नेपाल संवत ..............................

श्री ............................ज्यू,

..................................।

**विषयः युवा क्लबको नविकरण सम्बन्धमा।**

छायाँनाथ रारा नगरपालिकाको युवा क्लब गठन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८२ को दफा ६ को उपदफा (३) अनुसार दर्ता भएका टोल स्तरीय, वडा स्तरीय युवा क्लब प्रत्येक वर्षमा नविकरण गर्नु पर्ने भएको व्यवस्था अनुसार देहायको विवरण खुलाई तथा कागजात संलग्न गरी नविकरणको लागि यो निवेदन पेश गरेको छु। युवा क्लब नविकरण भए पश्चात यस कार्यविधि तथा युवा क्लबको विधान अनुसार पालन गर्नुपर्ने शर्तको पालना गर्न मञ्जुर छु।

**निवेदक**

नाम, थरः

ठेगानाः

दस्तखतः

**संलग्न कागजातहरूः**

(क) अनुसूची-३ अनुसारको ढाँचामा युवा क्लब नविकरणको निवेदन,

(ख) युवा क्लब दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) नगरपालिकाले नविकरणको लागि तोकेको शुल्क तिरेको सक्कल रसिद,

(घ) वार्षिक प्रतिवेदन,

(ङ) गत आ.ब. को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी

अनुसूची-५
(दफा २० को उपदफा(१) सँग सम्बन्धित)

**<u>पद तथा गोपनियताको सपथ</u>**

म ........................................................ मुलक र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु। ईश्वर/देश र जनताका नामम सपथ लिन्छु कि छायाँनाथ रारा नगरपालिकाको टोल, वडा युवा क्लबको ............................. पदको हैसियतले मलाई तोकिएको काम मैले जानेबुझे सम्म कर्तव्य सम्झी देश तथा क्लब प्रति बफादार रही, भय, पक्षपात वा द्वेष नराखी लोभ, लालच, मोलाहिजा नगरी इमान्दारीपूर्वक प्रचलित कानुनको अधिनमा रही पालना गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको कुनै गोप्य कुरा प्रचलित कानुनको पालना गर्दा बाहेक म पदमा बहाल रहँदाको जुनसुकै अवस्थामा पनि कुनै किसिमबाट प्रकट वा संकेत गर्ने छैन।

सपथ गर्हण गर्नेकोः
नामः
दस्तखतः
मितिः
पदः
कार्यालयः

सपथ गर्हण गरेको प्रमाणित गराउनेकोः
नामः
दस्तखतः
मितिः
पदः
कार्यालयः

प्रकाशित मितिः २०८२/११/४

आज्ञाले,
पूर्ण बहादुर शाही
नि. प्रमुख प्रशासकीय अधिकृत